# नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४९ | अङ्क ७ | चैत २०८१ | मार्च-अप्रिल २०२५


# 6th SARFII Leaders Roundtable काठमाडौंमा सम्पन्न



गभर्नर महाप्रसाद अधिकारीको अध्यक्षतामा 'South Asia Region Financial Inclusion Initiative (SARFII)' को '6th Leaders Roundtable' बैठक फागुन ८ गते काठमाडौंमा सम्पन्न भएको छ ।

उक्त बैठकमा सेन्ट्रल बैंक अफ श्रीलङ्काका गभर्नर डा. पी. नन्दलाल वीरासिंघे, बङ्गलादेश बैंकका डेपुटी गभर्नर डा. मोहम्मद हबिबुर रहमान, माल्दीभ्स मनिटरी अथोरिटीका डेपुटी गभर्नर इमाद अहमद, सेन्ट्रल बैंक अफ पाकिस्तानका कार्यकारी निर्देशक स्येद समर हुस्नैन, बङ्गलादेशको अर्थ मन्त्रालयका सहसचिव कमरुल हक मारूफको उपस्थिति थियो ।

बैठकको 'Leaders Roundtable' सत्रमा स्वागत मन्तव्य राख्दै गभर्नर अधिकारीले दक्षिण एसिया क्षेत्रमा वित्तीय समावेशीकरणको लक्षित उद्देश्य प्राप्तिका निम्ति SARFII को गतिविधिलाई परिणाममुखी बनाउनुपर्ने आवश्यकता औंल्याउनुभयो । त्यसको लागि क्षेत्रीय सहकार्य र समन्वयलाई थप सुदृढ बनाउनुपर्ने उहाँको धारणा थियो ।

SARFII मार्फत क्षेत्रीय सहकार्य र समन्वयलाई सुदृढ गर्दै आगामी पाँच वर्षका निम्ति दिगो, समावेशी र नवप्रवर्तनात्मक वित्तीय सेवाको प्रारूप तयार गर्ने विषयका एजेन्डालाई बैठकमा प्राथमिकता दिइएको थियो । त्यस क्रममा SARFII का सदस्य संस्थाका तर्फबाट 'SARFII Charter' संशोधन, SARFII अन्तर्गतको 'Expert Group on Financial Inclusion Policy (EGFIP)' को कार्यका सर्त (Terms of Reference) लगायतका विषयमा अवधारणा प्रस्तुत गरिएको थियो । उक्त अवधारणाउपर SARFII को सदस्य संस्थाका प्रमुख/प्रतिनिधिको तर्फबाट विभिन्न धारणा राखिएको थियो । बैठकले SARFII मार्फत सन् २०२५ मा सञ्चालन हुने वार्षिक कार्ययोजनालाई पनि स्वीकृत गरेको छ ।

बैठकको पहिलो सत्रमा सदस्य संस्थाका सबै सहभागीको तर्फबाट आ-आफ्नो मुलुकमा वित्तीय समावेशीकरणको विद्यमान स्थिति र दक्षिण एसियामा वित्तीय समावेशीकरणको प्रवर्द्धनका लागि SARFII मार्फत अवलम्बन गर्नुपर्ने भावी दृष्टिकोण प्रस्तुत गरिएको थियो ।

सो अवसरमा गभर्नर अधिकारीले वित्तीय समावेशीकरणको प्रवर्द्धनमा नेपाल राष्ट्र बैंकले गरेका प्रयासबारे उल्लेख गर्दै नेपालले वित्तीय पहुँच र विद्युतीय भुक्तानीको प्रयोगमा उल्लेख्य फड्को मारेको चर्चा गर्नुभयो । दक्षिण एसिया क्षेत्रमा वित्तीय समावेशीकरणलाई सुदृढ बनाउनका निम्ति वित्तीय सेवाको डिजिटलाइजेसन, ग्राहक संरक्षण, डिजिटल वित्तीय साक्षरता र साना तथा मझौला उद्यममा वित्तीय सेवा विस्तारमा जोड दिन उहाँले आह्वान गर्नुभयो । यसै गरी, श्रीलङ्काको केन्द्रीय बैंकका गभर्नर डा. पी. नन्दलाल वीरासिंघेले श्रीलङ्काको वित्तीय समावेशीकरणको स्थितिबारे प्रकाश पार्दै दक्षिण एसियामा वित्तीय पहुँच र वित्तीय सेवा विस्तारका निम्ति SARFII मार्फत अवलम्बन गर्नुपर्ने भावी दृष्टिकोणबारे सुझाव प्रस्तुत गर्नुभयो ।

उक्त सत्रमा नेपाल राष्ट्र बैंकका वरिष्ठ डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले स्वागत मन्तव्य राख्दै दक्षिण एसियामा वित्तीय सेवाको पहुँच विस्तारमा देखिएका चुनौतीलाई सम्बोधन गर्नका निम्ति SARFII महत्त्वपूर्ण सञ्जाल रहेको धारणा राख्नुभयो । सो अवसरमा Alliance for Financial Inclusion (AFI) का उप-प्रमुख कार्यकारी अधिकृत सी सु युइनले उद्घाटन मन्तव्य राख्नुभएको थियो । बैठकमा गभर्नर अधिकारी र SARFII को उपाध्यक्ष संस्था स्टेट बैंक अफ पाकिस्तानका कार्यकारी निर्देशक हुस्नैनले समापन मन्तव्य राख्नुभएको थियो ।

Alliance for Financial Inclusion (AFI) को प्रयासमा २०२२ सेप्टेम्बरमा जोर्डनमा सम्पन्न AFI, Global Policy Forum को बाह्रौं बैठकबाट SARFII स्थापना भएको थियो । नेपाल राष्ट्र बैंकसहित बङ्गलादेश,

भुटान, माल्दीभ्स, पाकिस्तान र श्रीलङ्काका केन्द्रीय बैंक एवम् बङ्गलादेशस्थित माइक्रोक्रेडिट रेगुलेटरी अथोरिटी उक्त सञ्जालमा आबद्ध छन्। २०२४ सेप्टेम्बरदेखि SARFII को अध्यक्षता नेपाल राष्ट्र बैंकले गर्दै आएको छ। क्षेत्रीयस्तरमा ज्ञान आदानप्रदान, क्षमता अभिवृद्धि र संयुक्त सिकाइ अभ्यास, प्राविधिक सहायताको कार्यान्वयन, असल अभ्यासको अनुशरण गर्दै वित्तीय समावेशीकरणलाई प्रवर्द्धन गर्नेलगायतका उद्देश्यसहित SARFII स्थापना गरिएको थियो।

'SARFII Leaders Roundtable' बैठक आयोजना हुनुपूर्व फागुन ५ गते 'Expert Group on Financial Inclusion Policy (EGFIP)' र 'Payment Expert Group (PEG)' को बैठक सञ्चालन गरी सम्बन्धित एजेन्डामा छलफल गरिएको थियो। यसै गरी, फागुन ५ देखि ७ गतेसम्म AFI र राष्ट्र बैंकको संयुक्त आयोजनामा 'Regional Training on Enhancing Cyber Resilience in Digital Payments and Infrastructure' विषयक तालिम सञ्चालन गरिएको थियो। सो अवसरमा साइबर सुरक्षा जोखिमको न्यूनीकरणका लागि क्षमता विकास, त्यस्ता जोखिमबाट वित्तीय ग्राहकको संरक्षण र सोसम्बन्धी क्षेत्रीय अभ्यासको अनुभव




आदानप्रदानका विषयमा उक्त तालिमलाई केन्द्रित गरिएको थियो। तालिममा नेपाल, बङ्गलादेश, पाकिस्तान, श्रीलङ्का र माल्दीभ्सका ३१ जना प्रतिनिधिको सहभागिता थियो। ■

# मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा सार्वजनिक

आ.व. २०८१/८२ को निम्ति जारी गरिएको मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा २०८१ फागुन १३ गते सार्वजनिक गरिएको छ।

समीक्षामार्फत आर्थिक क्रियाकलाप विस्तारलाई प्राथमिकतामा राख्दै मौद्रिक नीति जारी गर्दा लिइएको सजगतापूर्वक लचिलो कार्यदिशालाई निरन्तरता दिइएको छ। समीक्षामा भनिएको छ, "मूल्यवृद्धिको पछिल्लो प्रवृत्तिले नीतिगत दर बढाउनुपर्ने आवश्यकता औँल्याएको भए तापनि आर्थिक क्रियाकलाप विस्तारलाई समेत उच्च प्राथमिकतामा राख्नु पर्ने भएका कारण आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीति जारी गर्दा लिइएको सजगतापूर्वक लचिलो कार्यदिशालाई यथावत् राखिएको छ।"

मौद्रिक नीतिको विद्यमान नीतिगत दरलाई ५.० प्रतिशत, ब्याजदर करिडोरअन्तर्गतको तल्लो सीमाको रूपमा रहेको निक्षेप सङ्कलन दरलाई ३.० प्रतिशत र ब्याजदर करिडोरअन्तर्गतको माथिल्लो सीमाको रूपमा रहेको बैंक दरलाई ६.५ प्रतिशतमा यथावत् राखिएको छ। साथै, अनिवार्य नगद मौज्दात र वैधानिक तरलता अनुपातको साविकको व्यवस्थालाई पनि यथावत्




राखिएको छ।

लघुवित्त वित्तीय संस्थाहरूको कर्जाको ब्याजदर २०८२ जेठदेखि आधार दरसँग आबद्ध गरी तय गर्नुपर्ने व्यवस्था गरिने समीक्षामा उल्लेख छ। व्यक्तिगत सवारी साधन र सबै प्रकारका विद्युतीय सवारी साधनको ऋण मूल्य अनुपातको सीमालाई ६० प्रतिशत कायम गरिने जनाइएको छ। यसअघि, इजाजतपत्रप्राप्त संस्थाले व्यक्तिगत प्रयोजनका लागि सवारी साधन खरिद गर्न कर्जा प्रवाह गर्दा सो सवारी साधनको मूल्यको अधिकतम ५० प्रतिशत र व्यक्तिगत विद्युतीय सवारी साधनको हकमा ८० प्रतिशतसम्म कायम गर्नुपर्ने व्यवस्था थियो।

यसै गरी, असल कर्जाको विद्यमान १.१० प्रतिशतको कर्जा नोक्सानी व्यवस्थालाई १.० प्रतिशत कायम गरिने समीक्षामा उल्लेख छ। नन्डेलिभरेबल फरवार्डको हकमा प्राथमिक पुँजीको विद्यमान १५ प्रतिशतको सीमालाई वृद्धि गरी २० प्रतिशत कायम गरिने बैंकले जनाएको छ।

मौद्रिक नीतिको दोस्रो त्रयमाससम्मको कार्यान्वयन स्थिति, आन्तरिक तथा बाह्य आर्थिक एवम् वित्तीय गतिविधि तथा चालु आर्थिक वर्षको बाँकी अवधिको समष्टिगत आर्थिक परिदृश्यका आधारमा मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा गरिएको जनाइएको छ। मौद्रिक नीतिको कार्यदिशालाई दिइएको निरन्तरताबाट मूल्य स्थिरता तथा बाह्य क्षेत्र स्थायित्व कायम राख्दै आर्थिक क्रियाकलाप विस्तारमा थप सहयोग पुगी सरकारले लिएको आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न सहयोग पुग्ने अपेक्षा बैंकले गरिएको छ। ■

## भुक्तानी प्रणालीसम्बन्धी अन्तरक्रिया

# भुक्तानी सेवा प्रदायकको भूमिका महत्त्वपूर्ण: गभर्नर अधिकारी

भुक्तानी प्रणाली विभागले फागुन २२ गते काठमाडौंमा भुक्तानीसम्बन्धी कार्य गर्न अनुमतिपत्रप्राप्त संस्थाहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

भुक्तानी प्रणाली सञ्चालक र भुक्तानी सेवा प्रदायक संस्थाहरूको संस्थागत सुशासन र अनुपालनाको अवस्थाका विषयमा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । गभर्नर महाप्रसाद अधिकारीको उपस्थितिमा आयोजित कार्यक्रममा भुक्तानी प्रणाली सञ्चालक र सेवा प्रदायक संस्थाका अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत तथा अन्य प्रतिनिधिको सहभागिता थियो ।



सो अवसरमा गभर्नर अधिकारीले केही वर्षयता नेपालमा डिजिटल भुक्तानी सेवा तीव्र गतिले विस्तार भएको उल्लेख गर्दै यसमा भुक्तानी सेवा प्रदायक संस्थाहरूको महत्त्वपूर्ण भूमिका रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "नेपालमा डिजिटल माध्यमबाट हुने भुक्तानी कारोबार लोकप्रिय हुनुको श्रेय तपाईंहरूलाई नै जान्छ । भुक्तानी सेवाको गुणस्तर सुधार गर्दै आफ्नो उद्देश्यप्रति समर्पित रहनुस् ।"

नियामकीय निर्देशनको अनुपालनाका क्रममा देखिएका कैफियतहरू क्रमिक रूपमा सुधार गर्दै लैजानुपर्ने आवश्यकता गभर्नर अधिकारीले औंल्याउनुभयो । "भुक्तानी सेवा प्रदायकहरू तुलनात्मक रूपमा नयाँ संस्था भएकाले नियामकीय निर्देशनको अनुपालनामा केही कैफियत देखिनु स्वाभाविकै हो । तर, कसैले नियतवश यसको पालना गर्दैन भने चुपचाप बस्न पनि सकिँदैन," उहाँले भन्नुभयो । विशेषत: सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी व्यवस्थाको अनुपालनाप्रति ध्यानाकर्षण गराउँदै गभर्नर अधिकारीले शङ्कास्पद देखिएका कारोबारका विषयमा समयमै रिपोर्टिङ गर्न आग्रह गर्नुभयो ।

सो अवसरमा डेपुटी गभर्नर बमबहादुर मिश्रले भुक्तानी सेवाका सन्दर्भमा राष्ट्र बैंक जारी गरेका सुरक्षा मापदण्डको प्रभावकारी कार्यान्वयन गर्दै शङ्कास्पद कारोबारमाथि निगरानी राख्न भुक्तानी सेवा प्रदायकहरूको ध्यानाकर्षण गराउनुभयो ।

कार्यक्रममा निर्देशक लक्ष्मीप्रसाद प्रसाईले भुक्तानी प्रणालीको स्थितिबारे कार्यपत्र प्रस्तुत गर्दै भुक्तानी सेवाको पहुँच, परिसूचक ओभरसाइटसम्बन्धी गतिविधि, भुक्तानी सेवा प्रदायकका समस्या र चुनौतीका विषयमा चर्चा गर्नुभयो । यसै गरी, निर्देशक शुभाषचन्द्र घिमिरेले भुक्तानी सेवा प्रदायकका संस्थागत सुशासनमा नियामकीय अपेक्षा, जोखिम व्यवस्थापन र यसको प्रभावकारिताका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

दुवै कार्यपत्रको प्रस्तुतिपश्चात् सहभागीहरूबीच भुक्तानी प्रणाली र डिजिटल भुक्तानी सेवाका विविधि पक्षमाथि छलफल भएको थियो । त्यस क्रममा सहभागीका तर्फबाट भुक्तानी प्रणालीको नीतिगत व्यवस्थाका सम्बन्धमा विभिन्न सुझाव राखिएको थियो । छलफल सत्रको सहजीकरण गर्दै विभागका कार्यकारी निर्देशक किरण पण्डितले भुक्तानी सेवामा देखिएका नवप्रवर्तनात्मक अभ्यासलाई नीतिगत व्यवस्थामा समेट्ने सन्दर्भमा राष्ट्र बैंक सधैं तयार रहेको धारणा राख्नुभयो ।

कार्यक्रममा बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक रामु पौडेल, बैंकिङ विभागका कार्यकारी निर्देशक विश्रुत थापा र बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलको समेत उपस्थिति थियो ।

सो अवसरमा निर्देशक कृष्णराम धुँजुले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने उप-निर्देशक पदमराज जोशीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशनमा संशोधन

नेपाल राष्ट्र बैंकबाट भुक्तानीसम्बन्धी कार्य गर्न अनुमतिपत्रप्राप्त संस्थालाई जारी गरिएको 'भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, २०८०' मा संशोधन तथा परिमार्जन गरिएको छ ।


भुक्तानी प्रणाली विभागले फागुन २१ गते परिपत्र जारी गर्दै यसको कार्यान्वयन गर्न अनुमतिपत्रप्राप्त संस्थाहरूलाई निर्देशनसमेत दिएको छ । संशोधनमार्फत प्राकृतिक व्यक्तिको एउटा खाताबाट 'डोमेस्टिक कार्ड स्किम' अन्तर्गतका कार्डहरू जारी गर्न पाइने व्यवस्था गरिएको छ ।

यस्तै, ग्राहकले मोबाइल बैंकिङ तथा इन्टरनेट बैंकिङ प्रणाली सञ्चालन वा कारोबार गर्दा भीपीएनको प्रयोग गरे/नगरेको पहिचान गरी आधिकारिक भीपीएनको प्रयोग नभएमा एपमा लगइन गर्न नमिल्ने व्यवस्था मिलाउन बैंकले निर्देशन दिएको छ । अनुमतिपत्रप्राप्त संस्थाहरूले भुक्तानीसम्बन्धी कार्य हुने प्रणालीको नियमित रूपमा 'डाटा सेन्टर डिजास्टर रिकभरी (डीसी-डीआर)को अभ्यास गर्नुपर्ने

व्यवस्था गरिएको छ । यस्तो अभ्यास कम्तीमा दुई वर्षमा एक पटक गर्नुपर्नेछ । संस्थाले नेपाल सरकारको सूचना प्रविधि विभागले डाटा सेन्टरको रूपमा कार्य गर्न सूचीकृत गरेको संस्थासँग मात्र आफ्नो डाटा सेन्टर राख्न सक्नेछन् ।

भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाबाट हुने सिस्टम अडिटमा सिस्टम डिजाइन तथा सूचना प्रणालीसम्बन्धी पूर्वाधारको विश्लेषण, प्रणाली र फर्स्यौट प्रक्रियाको विश्लेषण, तेस्रो पक्ष सेवा प्रदायकबाट हुनसक्ने जोखिम, साइबर सुरक्षालगायतको विश्लेषण गरिनुपर्ने व्यवस्था थप गरिएको छ । भुक्तानी सेवा प्रदायक संस्थाले आफ्नो प्रणालीमार्फत हुने सम्पूर्ण कारोबारको अन्तिम फर्स्यौट अनुमतिपत्रप्राप्त भुक्तानी प्रणाली सञ्चालकले सञ्चालन गरेको प्रणालीमार्फत सेटलमेन्ट बैंकमा रहेको सेटलमेन्ट खातामा गर्नुपर्ने व्यवस्था मिलाइएको छ ।

नयाँ व्यवस्थाअनुसार 'ई-बैंकिङ' र 'इन्टरनेट बैंकिङ' शब्दावलीलाई 'वेब एप्लिकेसन' मा रूपान्तरण गरिएको छ । कर भुक्तानी, राजस्व, जरिवाना, सवारी दस्तुर, रजिष्ट्रेशन तथा सेवा शुल्क, विद्युत्, दूरसञ्चार, खानेपानी महसुल, बीमा प्रिमियम, योगदानमा आधारित सामाजिक सुरक्षा कोष, विद्यालयको शुल्कबराबरको रकम भुक्तानीका निम्ति एक वालेटबाट अर्को वालेटमा जम्मा/भुक्तानी गर्ने



नेपाल राष्ट्र बैंक
भुक्तानी प्रणाली विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
kmf]gM5719644-5-7
PS:^]G;gM 614-611-606
E-mail : psdept@nrb.org.np
Web : www.nrb.org.np

पत्र संख्याः भु.प्र.वि/नीति/परिपत्र/०३/०८१/८२ मिति : २०८१/११/२१

भुक्तानीसम्बन्धी कार्य गर्न अनुमतिपत्रप्राप्त संस्थाहरु ।

विषय : भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, २०८० मा संशोधन/परिमार्जन/थप गरिएको सम्बन्धमा ।

महाशय,

यस बैंकबाट अनुमतिपत्रप्राप्त भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाहरुलाई जारी गरिएको भुक्तानी प्रणाली सम्बन्धी एकीकृत निर्देशन, २०८० मा यसैसाथ संलग्न तालिका बमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु/गराउनु हुन भुक्तानी तथा फस्र्यौट ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

भवदीय,

(किरण पण्डित)
कार्यकारी निर्देशक

बोधार्थ :
(१) श्री गभर्नरको कार्यालय ।
(२) श्री डेपुटी गभर्नरको कार्यालय ।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(१०) श्री वित्तीय जानकारी इकाई, काठमाडौं ।
(११) श्री नेपाल बैंकर्स संघ, काठमाडौं ।
(१२) श्री नेपाल डेभलपमेन्ट बैंकर्स एसोसिएसन, काठमाडौं ।
(१३) श्री नेपाल वित्तीय संस्था संघ, काठमाडौं ।
(१४) श्री भुक्तानी सेवा प्रदायक संघ नेपाल, काठमाडौं ।

तोकिएको अधिकतम सीमासम्बन्धी व्यवस्थाले बाधा पर्ने छैन । यूएसएसडी प्रणालीमा आधारित भुक्तानी कारोबारको निम्ति अधिकतम सीमा दैनिक रु.१० हजार र प्रतिकारोबार रु.पाँच हजारको सीमा तोकिएको छ ।

स्थायी लेखा नम्बर नलिएका दैनिक रु.पाँच हजारसम्मको कारोबार गर्ने प्राकृतिक व्यक्तिको हकमा आधिकारिक परिचयपत्रको आधारमा समेत निजको नाममा मर्चेन्ट क्यूआर कोड उपलब्ध गराउन सकिने व्यवस्था बैंकले गरेको छ । आरटीजीएस प्रणालीमा आबद्ध भएका बैंक तथा वित्तीय संस्थाले कारोबार फर्स्यौटको लागि सन्देश पठाउँदा उक्त प्रणालीको तोकिएको स्थानमा कारोबारको प्रयोजन अनिवार्य रूपमा प्रविष्ट हुने व्यवस्था मिलाउन बैंकले निर्देशन दिएको छ ।

अनुमतिपत्रप्राप्त संस्थामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा वा अरू कसैको नाम वा माध्यमबाट एकल, संयुक्त वा समूहगत गरी १५ प्रतिशत वा सोभन्दा बढी सेयर वा पुँजी लगानी गरेकोमा वा अन्य कुनै तरिकाले सोको वास्तविक धनीको रूपमा रहेको भएमा त्यस्तो वास्तविक धनीको अद्यावधिक व्यक्तिगत विवरण (नाम, थर, पति/पत्नी, बाबु, बाजेको नाम, स्थायी ठेगाना, हालको ठेगाना, टेलिफोन नं., मोबाइल नं., इमेल ठेगाना) राख्नुपर्ने व्यवस्था थप गरिएको छ । साथै, संस्थापक सेयर नामसारी, खरिद/बिक्री/हक हस्तान्तरण तथा पुँजी वृद्धिका सम्बन्धमा विभिन्न नयाँ व्यवस्थाहरू थप गरिएका छन् ।

संस्थाको भुक्तानी प्रणालीमार्फत स्वदेश तथा विदेशबाट भएका कारोबारको प्रवृत्तिबारे अनुगमनका निम्ति आवश्यक संयन्त्र बनाउनुपर्ने निर्देशनमा उल्लेख छ । ■

# मुस्ताङमा पूर्वबजेटकालीन अन्तरक्रिया कार्यक्रम

आर्थिक अनुसन्धान विभागले चैत १ गते मुस्ताङको जोमसोममा 'पूर्वबजेटकालीन अन्तरक्रिया कार्यक्रम' आयोजना गर्‍यो ।

गभर्नर महाप्रसाद अधिकारीको उपस्थितिमा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा स्थानीय उद्योगी, व्यवसायी, सरकारी निकाय, स्थानीय तह, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि, सञ्चारकर्मीलगायतको सहभागिता थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै गभर्नर अधिकारीले मुस्ताङ जिल्लामा पर्यटन, व्यावसायिक कृषि र पशुपालनको उच्च सम्भावना रहेको उल्लेख गर्दै त्यसलाई अवसरमा रूपान्तरण गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो । उहाँले भन्नुभयो, "मुस्ताङ जिल्लाको समृद्धिका लागि यहाँ पर्यटन, कृषि र पशुपालनको ठूलो सम्भावना छ । जिल्लाका सरोकारवाला पक्षबीच समन्वय गरेर व्यावसायिक प्राथमिकताबारे यकिन गर्न आवश्यक छ ।" माथिल्लो मुस्ताङसम्म पर्यटकको सहज




पहुँच विस्तारका निम्ति आवश्यक पहल गर्नुपर्ने उहाँको सुझाव थियो । कार्यक्रममा सहभागीबाट प्राप्त सुझावलाई समेटेर राष्ट्र बैंकले अर्थ मन्त्रालयमा पूर्व बजेटकालीन समीक्षा प्रतिवेदन पेस गरिने जानकारी उहाँले दिनुभयो ।

सो अवसरमा विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै पूर्वबजेटकालीन समीक्षाको विविध पक्षबारे चर्चा गर्नुभयो ।

कार्यक्रममा घरपझोङ गाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचनले मुस्ताङ जिल्लामा जलवायु परिवर्तनको उल्लेख्य असर देखिएको

उल्लेख गर्दै यसबाट सिर्जित जोखिमको न्यूनीकरणका निम्ति पर्याप्त बजेट विनियोजन हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो। मुस्ताङका प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसालले मुस्ताङमा व्यावसायिक कृषिको ठूलो सम्भावना रहेर पनि यहाँको खेतीयोग्य जमिनको उपयोग हुन नसकेको धारणा राख्नुभयो।

सो अवसरमा सहभागीका तर्फबाट सरकारले दिने अनुदानलाई कृषिजन्य उत्पादनमा आधारित बनाउनुपर्ने, उन्नत जातका स्याउको खेती हुनुपर्ने, याक र चौंरीपालनलाई प्रवर्द्धन गर्नुपर्ने, मुस्ताङमा जडिबुटी खेतीको सम्भावनाबारे अध्ययन/अनुसन्धान हुनुपर्ने लगायतका सुझाव प्रस्तुत गरिएको थियो।

कार्यक्रममा विभागका उप-निर्देशक सजना शिल्पकारले पूर्व-बजेटकालीन समीक्षासम्बन्धी व्यवस्था, वित्त नीति र मौद्रिक नीतिको सम्बन्ध, नेपालको समष्टिगत आर्थिक स्थिति, गण्डकी प्रदेशको व्यावसायिक विकासका सम्भवनालाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभयो।

सो अवसरमा पोखरा कार्यालयका निर्देशक दीपकराज लामिछानेले स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक पूर्णबहादुर




मौराती नेपालीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

यसअघि, आर्थिक अनुसन्धान विभागले वरिष्ठ डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाको उपस्थितिमा फागुन २३ गते कर्णाली प्रदेशको जाजरकोट जिल्लामा पूर्वबजेटकालीन अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो। फागुनमै बागमतीको दोलखामा पनि यस्तो अन्तरक्रिया आयोजना गरिएको थियो।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा बैंकले प्रत्येक वर्ष आर्थिक तथा वित्तीय विषयमा नेपाल सरकारसमक्ष पूर्व बजेटकालीन समीक्षा प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था छ। उक्त प्रतिवेदन पेस गर्नुपूर्व आर्थिक अनुसन्धान विभागले सबै प्रदेशमा पूर्वबजेटकालीन अन्तरक्रिया कार्यक्रम आयोजना गर्दै आएको छ।

# सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अन्तरक्रिया




वित्तीय जानकारी इकाइले फागुन २६ गते सम्पत्ति शुद्धीकरण निवारणका सन्दर्भमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो।

गभर्नर महाप्रसाद अधिकारीको उपस्थितिमा इकाइले उक्त कार्यक्रम आयोजना गरेको हो। सम्पत्ति शुद्धीकरण निवारण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण/विस्तारमा वित्तीय लगानी निवारण, (AML/CFT/CPF), पारस्परिक मूल्याङ्कन तथा अन्तरनिकाय सहकार्य/समन्वय/पृष्ठपोषणका सम्बन्धमा नियमनकारी/सुपरिवेक्षकीय निकाय, कानुन कार्यान्वयन गर्ने/अनुसन्धानकारी निकाय तथा अन्य सम्बद्ध निकायको सहभागितामा उक्त कार्यक्रम आयोजना गरिएको इकाइले जनाएको छ।

कार्यक्रमको उद्घाटन सत्रलाई सम्बोधन गर्दै गभर्नर अधिकारीले नेपाल हालै एफएटीएफको 'ग्रे' लिष्टबाट बाहिरिनका निम्ति सम्पूर्ण नियमनकारी/सुपरिवेक्षकीय निकाय, कानुन कार्यान्वयन गर्ने निकाय, अन्य सम्बद्ध निकाय तथा निजी क्षेत्रका सूचक संस्थाहरूले आफ्नो जिम्मेवारी इमानदारिताका साथ बहन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव फणिन्द्र गौतमले बढीमा दुई वर्षभित्र नेपाल 'ग्रे' लिस्टबाट बाहिरिने गरी कार्य भइरहेको उल्लेख गर्दै क्षेत्रगत तथा

राष्ट्रिय जोखिम मूल्याङ्कनको कार्यलाई गति दिन संलग्न कर्मचारीहरूको क्षमता अभिवृद्धिमा जोड दिनुपर्ने बताउनुभयो । नायब महान्यायाधिवक्ता संजीवराज रेग्मीले सम्बद्ध कानुनको संशोधनपछि सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दाको सङ्ख्या र अनुसन्धानको गुणस्तरमा वृद्धि भइरहेको उल्लेख गर्दै सम्बद्ध निकायहरूबीच थप समन्वय र सहकार्यको आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रममा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक सुमन दाहालले पछिल्लो कानुनी संशोधनसँगै विभागले समन्वयात्मक भूमिका समेत निर्वाह गरिरहेको जानकारी दिनुभयो । प्रहरी वरिष्ठ उपरीक्षक होबिन्द्र बोगटीले वित्तीय ठगीमा सामान्य नागरिकदेखि उच्च ओहोदाका व्यक्तिहरू समेत प्रभावित भएकाले यससम्बन्धी थप सचेतना विस्तार गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो । सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखा प्रमुख आर्या जोशीले सबै निकायको आ-आफ्नो क्षेत्रगत परिधि रहे तापनि सम्बद्ध सबै निकायबीचको समन्वयबाट सम्पत्ति शुद्धीकरणसम्बन्धी चुनौतीको सामना गर्न सकिने धारणा राख्नुभयो ।

कार्यक्रमको प्राविधिक सत्रमा इकाइका उप-निर्देशक स्वरूप श्रेष्ठले ‘पारस्परिक मूल्याङ्कन, अन्तरनिकाय समन्वय/सहकार्य र आगामी कार्यदिशा’ र प्रहरी उपरीक्षक कवित कटवालले ‘सम्पत्ति शुद्धीकरण निवारण प्रणालीमा अनुसन्धानकारी निकायको भूमिका’ विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । महाशाखाका उप-निर्देशक रमेशप्रसाद पराजुलीले ‘सम्पत्ति शुद्धीकरण निवारण प्रणालीमा नियमनकारी निकायको भूमिका’ विषयक तेस्रो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्र प्रस्तुतिपश्चात् सोउपर सहभागीहरूबीच छलफल भएको थियो । बैंकका निर्देशक तथा विषयविज्ञ डा. हरिकुमार नेपालले छलफल सत्रको सहजीकरण गर्नुभएको थियो ।

कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, नेपाल बीमा प्राधिकरण, सहकारी विभाग, आन्तरिक राजस्व विभाग, पर्यटन विभाग, भूमि व्यवस्थापन तथा अभिलेख विभाग, नेपाल कानुन व्यवसायी परिषद्, नेपाल नोटरी पब्लिक परिषद्, नेपाल चार्टर्ड एकाउन्टेन्स संस्था, यातायात व्यवस्था विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय, समाज कल्याण परिषद्, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, राजस्व अनुसन्धान विभाग, नेपाल प्रहरी, अख्तियार दुरुपयोग अनुसन्धान आयोगसँगै राष्ट्रिय सहकारी महासंघ, नेपाल बैंकर्स संघ र नेपाल ब्रोकर्स एसोसिएसनका कर्मचारी/प्रतिनिधिको सहभागिता थियो ।

सो अवसरमा इकाइका प्रमुख वासुदेव भट्टराईले स्वागत मन्तव्य राख्दै कार्यक्रमको औचित्यबारे प्रकाश पार्नुभएको थियो । ■

# महिला आर्थिक पत्रकारका निम्ति अभिमुखीकरण

बैंकर्स प्रशिक्षण केन्द्रले फागुन २६ देखि २८ सम्म काठमाडौंमा महिला आर्थिक पत्रकारहरूको लागि समसामयिक आर्थिक तथा बैंकिङ विषयमा अभिमुखीकरण कार्यक्रम आयोजना गऱ्यो ।



महिला आर्थिक पत्रकार संघ (फेजा) मा आबद्ध पत्रकारहरूको सहभागितामा केन्द्रले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा उद्घाटन मन्तव्य राख्दै गभर्नर महाप्रसाद अधिकारीले आर्थिक तथा वित्तीय क्षेत्रका विषयमा अनुसन्धानमूलक र तथ्यपरक समाचार सम्प्रेषणलाई थप परिष्कृत गर्ने सन्दर्भमा यस्ता किसिमका कार्यक्रम उपलब्धिमूलक रहने विश्वास व्यक्त गर्नुभयो ।

आठ वटा सत्रमा सञ्चालित उक्त कार्यक्रममा फेजाका पदाधिकारीसहित ३० जना पत्रकारको सहभागिता थियो । सो अवसरमा बैंकभित्र र बाहिरका आठ जना विज्ञले समसामयिक आर्थिक तथा बैंकिङ विषय र बैंक तथा वित्तीय क्षेत्रका कामकारबाहीसँग सम्बन्धित विषयमा आर्थिक पत्रकारहरूलाई जानकारी दिनुभयो ।

कार्यक्रममा आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले नेपालको अर्थतन्त्र र नेपाल राष्ट्र बैंकको भूमिका तथा गभर्नरको कार्यालयका निर्देशक डा. डिल्लीराम पोखेलले बाह्य वित्तीय क्षेत्रसम्बन्धी विविध पक्षलाई समेटेर वार्ता प्रस्तुत गर्नुभयो । सानिमा बैंक लिमिटेडका प्रमुख वित्त अधिकृत विभोर झाले बैंक तथा वित्तीय संस्थाका वित्तीय विवरणका विषयवस्तु र तिनको विश्लेषणसम्बन्धी विषयमा प्रकाश पार्नुभयो ।

यसै गरी, भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक किरण पण्डितले भुक्तानी प्रणालीका विविध पक्ष र बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक रामु पौडेलले नेपाल राष्ट्र बैंकको नियामकीय र सुपरिवेक्षकीय भूमिकाका सम्बन्धमा प्रस्तुति दिनुभयो । आर्थिक अनुसन्धान विभागका निर्देशक माधव दंगाल र उप-निर्देशक सुमन नेउपानेले क्रमश: मौद्रिक क्षेत्र तथा मुद्रास्फीति र सोको मापनका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो । उक्त कार्यक्रममा वित्तीय जानकारी इकाइका निर्देशक वासुदेव भट्टराईले सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अवधारणा, व्यवस्था, चुनौतीलगायतका विषयमा वार्ता प्रस्तुत गर्नुभएको थियो ।

सो अवसरमा मानव संसाधन व्यवस्थापन विभागका कार्यकारी निर्देशक तुलसीप्रसाद घिमिरेले स्वागत मन्तव्य राख्दै कार्यक्रमको औचित्यबारे प्रकाश पार्नुभएको थियो ■

# नेपालगञ्जमा मौद्रिक नीति र नियामकीय व्यवस्थासम्बन्धी अन्तरक्रिया



नेपालगञ्ज कार्यालयले फागुन २२ गते अर्थतन्त्रको पछिल्लो स्थिति र मौद्रिक नीति तथा नियामकीय व्यवस्थासम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

वरिष्ठ डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाको उपस्थितिमा कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा बैंक तथा वित्तीय संस्था र उद्योग वाणिज्य संघका प्रतिनिधि, प्राध्यापक, बुद्धिजीवीलगायतको सहभागिता थियो ।

सो अवसरमा बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक डा. रामशरण खरेलले अर्थतन्त्र र वित्तीय क्षेत्रको वर्तमान स्थिति, आगामी परिदृश्य, आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिको कार्यदिशा र व्यवस्था, अर्धवार्षिक समीक्षामा समेटिएका व्यवस्था, बैंकबाट जारी भएका संशोधित एकीकृत निर्देशनका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । नेपालगञ्ज कार्यालयका सहायक निर्देशक मामराज पथिकले कार्यालयको कार्यक्षेत्रअन्तर्गतका बाँके, बर्दिया, दाङ र रुकुम पूर्वको आर्थिक गतिविधिसम्बन्ध अध्ययनको सङ्क्षिप्त झलक प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा वरिष्ठ डेपुटी गभर्नर डा. तिम्सिनाले अर्थतन्त्रको स्थिति, मौद्रिक नीति र एकीकृत निर्देशनमा भएका व्यवस्थाबारे उल्लेख पार्दै अर्थतन्त्र र वित्तीय क्षेत्रको सुदृढीकरणका निम्ति नेपाल राष्ट्र बैंकबाट भएका पछिल्ला प्रयासबारे चर्चा गर्नुभयो । बैंकले नयाँ नीतिगत व्यवस्थाको अवलम्बन गर्ने क्रममा सरोकारवाला पक्षबाट राय सुझाव लिने गरिएको धारणा उहाँले राख्नुभयो ।

नेपालगञ्ज कार्यालयका निर्देशक नारायणप्रसाद पोखेलले समापन मन्तव्य राख्दै सहभागीबाट उठेका जिज्ञासालाई सम्बोधन गर्नुभएको थियो । सो अवसरमा उप-निर्देशक लवली श्रीवास्तवले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक सौगात परियारले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# नेपालगञ्जमा समसामयिक विषयमा अन्तरक्रिया

नेपालगञ्ज कार्यालयले फागुन २६ गते बैंक तथा वित्तीय संस्थाहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

कार्यालयका निर्देशक नारायणप्रसाद पोखेलको संयोजकत्वमा आयोजित कार्यक्रममा नेपालगञ्जस्थित बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिको सहभागिता थियो । सो अवसरमा 'ग्लोबल मनी विक, २०२५' का सन्दर्भमा आयोजना गरिने वित्तीय साक्षरता कार्यक्रमसँगै बैंकिङ क्षेत्रका विषयमा छलफल भएको थियो ।

कार्यक्रममा निर्देशक पोखेलले सहभागीबाट उठेका जिज्ञासाको जवाफ दिँदै समापन मन्तव्य राख्नुभयो । सो अवसरमा कार्यालयका सहायक आश्रित ओझाले स्वागत मन्तव्य राख्नुभयो भने सहायक टीकाराज मानन्धरले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■



# विदेशी विनिमय तथ्याङ्कको रिपोर्टिङसम्बन्धी अनुशिक्षण




विदेशी विनिमय व्यवस्थापन विभागले फागुन २३ गते विदेशी विनिमयसम्बन्धी तथ्याङ्क प्रेषित गर्ने बैंक तथा वित्तीय संस्थाका रिपोर्टिङ अधिकृतका लागि अनुशिक्षण कार्यक्रम आयोजना ग¥यो ।

विदेशी विनिमयको कारोबार गर्न इजाजतपत्रप्राप्त वाणिज्य बैंक, राष्ट्रियस्तरका विकास बैंकमा कार्यरत रिपोर्टिङ अधिकृत र वाणिज्य बैंकका ट्रेड फाइनान्स विभागका प्रमुख, विभागका कार्यकारी निर्देशक, निर्देशक र अन्य कर्मचारीसहित करिब ७० जनाको सहभागिता थियो । विभागका कार्यकारी निर्देशक रेवतीप्रसाद नेपालको अध्यक्षतामा आयोजित कार्यक्रममा दुई वटा कार्यपत्र प्रस्तुत गरिएको थियो ।

विभागका उप-निर्देशक मणिराज श्रेष्ठले विदेशी विनिमय व्यवस्थापन विभागद्वारा जारी गरिएको 'एकीकृत परिपत्र-२०८०' मा उल्लिखित परिपत्र १ देखि २८ सम्म रहेका दैनिक, साप्ताहिक, पाक्षिक, मासिक, त्रैमासिक र माग भएका बखत प्रेषित गर्नुपर्ने विभिन्न तथ्याङ्कका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो । यसै गरी, ट्रेड फाइनान्ससम्बन्धी बाह्य स्रोतव्यक्ति मणि श्रेष्ठले प्रतीतपत्र, आयात/निर्यातसम्बन्धी अन्तर्राष्ट्रिय असल अभ्यासबारे वार्ता प्रस्तुत गर्नुभयो ।

कार्यपत्र प्रस्तुतिपश्चात् सहभागीहरूबीच विभागबाट जारी भएका नीतिगत व्यवस्था, नीति कार्यान्वयनमा रहेका द्विविधा, व्यावहारिक कठिनाइ र सहभागीको सुझावलगायतका विषयमा छलफल भएको थियो । सो अवसरमा कार्यकारी निर्देशक नेपालले राष्ट्र बैंकबाट जारी परिपत्रको प्रभावकारी कार्यान्वयनका लागि बैंक तथा वित्तीय संस्था, भन्सार विभाग, बीमा प्राधिकरण, बीमक संस्था, आयातकर्ता, निर्यातकर्तालगायत अन्य सरोकारवाला निकायबीच समन्वय हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

निर्देशक राजेन्द्र भट्टराईले कार्यक्रमको उद्देश्य र औचित्यमाथि प्रकाश बैंक तथा वित्तीय संस्थाबाट प्राप्त हुने तथ्याङ्क विश्वसनीय हुनुपर्ने उल्लेख गर्दै त्यस्ता तथ्याङ्कको समयमै रिपोर्टिङ गरिनुपर्ने आवश्यकता औँल्याउनुभयो । सहायक निर्देशक रीमा खनालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# सरकारी कारोबारसम्बन्धी अनुशिक्षण सम्पन्न



बैंकिङ विभागले फागुन २१ गते जनकपुरमा सरकारी कारोबारसम्बन्धी अनुशिक्षण कार्यक्रम आयोजना ग¥यो । बैंकिङ विभाग र प्रदेशस्थित कार्यालयका कर्मचारीहरूको सहभागितामा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो ।

कार्यक्रममा उप-निर्देशक जनकराज सापकोटाले 'सरकारी कारोबार निर्देशिकाको दोस्रो संशोधनका व्यवस्था, समस्या र समाधानका उपाय' र सहायक निर्देशक गणेश विष्टले 'सरकारी कारोबार: हिसाबमिलान तथा कोष स्थितिसम्बन्धी अनुशिक्षण' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा निर्देशक गोविन्दप्रसाद नागिलाले प्रदेशस्थित कार्यालयमा कार्यरत कर्मचारीमा सरकारी कारोबारलाई सहज ढङ्गले सम्पादन गर्न र हिसाबमिलान अद्यावधिक गर्न उक्त अनुशिक्षण लाभदायी हुने विश्वास व्यक्त गर्नुभयो ।

सो अवसरमा जनकपुर कार्यालयका निर्देशक डिलाराम सुवेदीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने बैंकिङ विभागका प्रधान सहायक सङ्गिता पुडासैनीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# ईसीसी र आईपीएससम्बन्धी अन्तरक्रिया

बैंकिङ विभागले फागुन ८ गते विराटनगरमा 'इलेक्ट्रोनिक चेक क्लियरिङ (ईसीसी) र अन्तरबैंक भुक्तानी प्रणाली (आईपीएस)' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

कार्यक्रममा बैंकिङ विभागसँगै राष्ट्र बैंकका प्रदेशस्थित कार्यालय र बैंक तथा वित्तीय संस्थाका कर्मचारीसहित ५५ जनाको सहभागिता थियो । सो अवसरमा विभागका सहायक निर्देशक चन्दनसिंह चौधरीले 'ECC/IPS and Role of Nepal Ratra Bank' र नेपाल क्लियरिङ हाउस लिमिटेडका हेड अपरेसन शोभित शर्माले 'Usage, Impact, Challenges, Recommendations and Way forward of NCHL-ECC & NCHL-IPS in Digital Banking' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।



कार्यक्रममा समापन मन्तव्य राख्दै विभागका का.मु. कार्यकारी निर्देशक गोविन्दप्रसाद नागिलाले कार्यक्रमको आयोजनाबाट ईसीसी र आईपीएस प्रणालीको सञ्चालनमा देखिएका समस्याको समाधान गर्दै नेपाल राष्ट्र बैंक र बैंक तथा वित्तीय संस्थाहरूबीच समन्वयका निम्ति सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

सो अवसरमा विराटनगर कार्यालयका निर्देशक शैलेन्द्र रेग्मीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने बैंकिङ विभागका सहायक निर्देशक अनुष्मा श्रेष्ठले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# जनकपुर र धनगढीमा समसामयिक विषयमा अन्तरक्रिया

जनकपुर कार्यालयले माघ २२ गते बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरूसँग समसामयिक बिषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

कार्यालयका निर्देशक डिलाराम सुवेदीको अध्यक्षतामा आयोजित कार्यक्रममा कार्यालयका कर्मचारीसँगै जनकपुरस्थित बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिको सहभागिता थियो । कार्यक्रममा सहभागीहरूबीच समग्र बैंकिङ स्थिति, मधेश प्रदेशको निक्षेप, लगानी, निष्क्रिय कर्जा र समसामयिक विषयमा छलफल भएको थियो । सो अवसरमा सहभागीका तर्फबाट बैंकिङ क्षेत्रका विद्यमान समस्या र समाधानका उपाय सम्बन्धमा विभिन्न जिज्ञासा र सुझाव राखिएको थियो ।

कार्यक्रममा निर्देशक सुवेदीले सहभागीबाट राखिएका जिज्ञासाको जवाफ दिँदै समापन मन्तव्य राख्नुभयो । कार्यालयका सहायक शिवराम यादवले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।



जनकपुर

यसै गरी, धनगढी कार्यालयले फागुन ८ गते समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । कार्यालयका निर्देशक केशवबहादुर केसीको अध्यक्षतामा आयोजित कार्यक्रममा सुदूरपश्चिमस्थित बैंक तथा वित्तीय संस्थाका प्रदेश प्रमुख र शाखा प्रबन्धकहरूको सहभागिता थियो ।

कार्यक्रममा सहायक निर्देशक भोजराज भट्टले अर्थतन्त्रका परिसूचकको वर्तमान स्थिति, निष्क्रिय सम्पत्ति र निष्क्रिय कर्जाको प्रवृत्तिलाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभयो । सो अवसरमा सहभागीका तर्फबाट कर्जाको साँवा ब्याज असुली कार्य चुनौतीपूर्ण रहेको धारणा राखिएको थियो । नेपाल बैंकर्स एसोसिएसन, सुदूरपश्चिम च्याप्टरका संयोजक पुकार सुवेदीले कर्जा असुली प्रक्रियाका सन्दर्भमा सम्बद्ध निकायहरूबाट आवश्यक सहयोग हुन नसकेको गुनासो व्यक्त गर्नुभयो ।



धनगढी

कार्यक्रममा समापन मन्तव्य राख्दै कार्यालयका निर्देशक केसीले बैंकिङ क्षेत्रका विद्यमान जोखिम, बढ्दो निष्क्रिय कर्जा अनुपातका सम्बन्धमा विश्लेषण गर्दै विवेकपूर्ण ढङ्गले वित्तीय सेवा सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

सो अवसरमा उप-निर्देशक झक्केन्द्रबहादुर शाहीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने प्रधान सहायक हरिलाल भट्टले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# सल्यान र धनकुटामा आर्थिक तथ्याङ्कसम्बन्धी गोष्ठी



सल्यान

सुर्खेत कार्यालयले फागुन ८ गते सुर्खेतको खलङ्गामा 'आर्थिक तथ्याङ्कको महत्त्व, उपादेयता तथा तथ्याङ्क सङ्कलनका समस्या' विषयक गोष्ठी आयोजना गऱ्यो ।

सुर्खेत कार्यालयका प्रमुख राजनप्रसाद रेग्मीको अध्यक्षतामा आयोजित गोष्ठीमा सल्यान उद्योग वाणिज्य संघका अध्यक्ष वीरेन्द्रकुमार श्रेष्ठसँगै तथ्याङ्क प्रदायक सरकारी निकाय, बैंक तथा वित्तीय संस्था, उद्यमी व्यवसायीसहित ५५ जनाको सहभागिता थियो । आर्थिक तथ्याङ्कको महत्त्व, उपादेयता र सङ्कलनका समस्या तथा चुनौतीबारे सरोकारवाला पक्षलाई जानकारी दिने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको जनाइएको छ ।

सो अवसरमा आर्थिक अनुसन्धान विभागका उप-निर्देशक विष्णुप्रसाद सुवेदीले आर्थिक तथ्याङ्कको महत्त्व, उपादेयता, तथ्याङ्क सङ्कलनका समस्या र चुनौतीका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो । गोष्ठीमा सल्यान उद्योग वाणिज्य संघका अध्यक्ष श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष राजेन्द्रकुमार थापा र महासचिव मोहन सारुले सुर्खेत कार्यालयका प्रमुख रेग्मीलाई संघको तर्फबाट ध्यानाकर्षणपत्र बुझाउनुभएको थियो ।

सो अवसरमा कार्यालयका प्रमुख रेग्मीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै संघको ध्यानाकर्षणलाई माथिल्लो निकायसम्म पुऱ्याउन सहजीकरण गरिने जानकारी दिनुभयो । सुर्खेत कार्यालयका सहायक निर्देशक चिनिया लामाले गोष्ठी सञ्चालन गर्नुभएको थियो ।

यसै गरी, विराटनगर कार्यालयले फागुन २६ गते 'आर्थिक तथ्याङ्कको महत्त्व, उपादेयता तथा तथ्याङ्क सङ्कलनका समस्या' विषयक गोष्ठी आयोजना गऱ्यो ।

गोष्ठीमा धनकुटा जिल्लास्थित तथ्याङ्क प्रदायक सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्था, उद्योग वाणिज्य संघका प्रतिनिधि, उद्योगी, व्यवसायीलगायतको सहभागिता थियो । सो अवसरमा कार्यालयका उप-निर्देशक अच्युतकुमार थापाले 'आर्थिक तथ्याङ्कको महत्त्व, उपादेयता तथा तथ्याङ्क सङ्कलनका समस्या' विषयमा वार्ता प्रस्तुत गर्नुभयो । सो अवसरमा सहभागीका तर्फबाट व्यवस्थित रूपमा तथ्याङ्कको प्राप्ति, प्रशोधन र भण्डारणमा भएका समस्याबारे विभिन्न धारणा राखिएको थियो ।

कार्यक्रममा कार्यालयका निर्देशक शैलेन्द्र रेग्मीले गुणस्तरीय तथ्याङ्कको आवश्यकताबारे चर्चा गर्दै सहज तथा विश्वसनीय तथ्याङ्क प्राप्तिका लागि सरकारी कार्यालयबीच समन्वय हुनुपर्ने र तथ्याङ्क सङ्कलनमा सञ्चार प्रविधिमा आधारित प्रणालीलाई उपयोग गरिनुपर्ने धारणा राख्नुभयो ।

सो अवसरमा कार्यालयका सहायक निर्देशक देवकान्त मण्डलले स्वागत मन्तव्यसहित कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने प्रधान सहायक सुजन रसाइलीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■


धनकुटा

# नेपालमा ब्याजदर करिडोरको अभ्यास



✍ डा. रामशरण खरेल
निर्देशक

## अवधारणा

आर्थिक तथा मौद्रिक लक्ष्य हासिल गर्न वित्तीय क्षेत्रमा निक्षेप तथा कर्जाको ब्याजदर प्रतिस्पर्धी हुनुका साथै स्थायित्व कायम हुनु अपरिहार्य मानिन्छ । यसको लागि मौद्रिक नीतिले अल्पकालीन ब्याजदर स्थायित्व कायम गराउनु आवश्यक हुने विभिन्न मुलुकका अध्ययनबाट देखिएको छ । यसै कारण पछिल्ला केही दशकदेखि विश्वका अधिकांश केन्द्रीय बैंकहरूले अन्तरबैंक कारोबारको ब्याजदर उपयुक्त स्तरमा कायम गराउने प्रयत्न गर्दै आएका छन् । कतिपय मुलुकले भने त्यस्तो प्रयत्नलाई विधिमा रूपान्तरण गरी अन्तरबैंक कारोबारको ब्याजदर निश्चित सीमाभित्र कायम गराउने सुनिश्चिततासहितको तरलता व्यवस्थापन कार्य अघि बढाएको देखिन्छ । यस्तो संरचना, विधि र प्रक्रियासहितको तरलता व्यवस्थापनलाई ब्याजदर करिडोर नीति भन्ने गरिएको छ ।

ब्याजदर करिडोर संरचनामा केन्द्रीय बैंकले करिडोरको तल्लो सीमाको ब्याजदरमा स्थायी निक्षेप सुविधा र माथिल्लो सीमाको ब्याजदरमा स्थायी तरलता सुविधा उपलब्ध गराउने कारण बैंक तथा वित्तीय संस्थाको आपसी कारोबारको ब्याजदर, करिडोरभित्र (स्थायी निक्षेप सुविधाको ब्याजदर र स्थायी तरलता सुविधाको ब्याजदरबीच) रहने सुनिश्चित हुन्छ । यसको अतिरिक्त करिडोरको मध्यभागमा नीतिगत दर निर्धारण गरी अन्तरबैंक कारोबारको ब्याजदर सोही दरको हाराहारीमा कायम हुनेगरी खुला बजार कारोबारलाई सक्रिय बनाइएको हुन्छ ।

## अभ्यास

नेपाल राष्ट्र बैंकले विगतमा मौद्रिक योगाङ्कहरूको विस्तार र ब्याजदरको स्थितिअनुसार तरलता व्यवस्थापन कार्य गर्दै आएको थियो । नेपाल राष्ट्र बैंक ऐन, २०५८ जारी भएपश्चात् मौद्रिक नीतिको कार्यान्वयनलाई आधुनिकीकरण गर्दै तरलता व्यवस्थापन कार्य बढी पारदर्शी र अनुमानयोग्य बनाउन थालियो । यसै क्रममा बैंक तथा वित्तीय संस्थाहरूको दैनिक तरलता स्थिति मापन र साप्ताहिक प्रक्षेपण गर्ने उद्देश्यले आर्थिक वर्ष २०६०/६१ देखि 'तरलता अनुगमन तथा प्रक्षेपण संरचना'को व्यवस्था गरियो । यसै गरी, खुलाबजार कारोबारमार्फत अल्पकालीन तरलता व्यवस्थापन सहज बनाउने उद्देश्यले आर्थिक वर्ष २०६१/६२ को मौद्रिक नीतिमार्फत बैंक तथा वित्तीय संस्थाहरूसँग सरकारी ऋणपत्रहरूको खरिद, बिक्री, रिपो र रिभर्स रिपो कारोबार थालनी भयो ।

उपरोक्त व्यवस्थाहरूको कार्यान्वयनले मात्र ब्याजदर स्थायित्व कायम हुन नसकेको सन्दर्भमा मौद्रिक नीति कार्यान्वयनको संरचनागत र प्रक्रियागत सुधार सहित ब्याजदर करिडोर सम्बन्धी अध्ययन गर्न वि.सं. २०६७ सालमा आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशकको संयोजकत्वमा तीन सदस्यीय अध्ययन समिति गठन भयो । उक्त समितिले ब्याजदर करिडोर नीतिको आवश्यकता, कार्यान्वयन संरचना र विधिसहितको प्रतिवेदन पेस गरेको थियो ।

त्यसयताका वर्षहरूमा उक्त प्रतिवेदनको सुझावअनुसार तरलता व्यवस्थापन कार्यमा सुधार गरिँदै आर्थिक वर्ष २०७३/७४ को मौद्रिक नीतिमार्फत ब्याजदर करिडोर क्रमिक रूपमा लागु गर्ने घोषणा गरियो । उक्त व्यवस्थाको कार्यान्वयनको लागि ब्याजदर करिडोरसम्बन्धी कार्यविधि, २०७४ तर्जुमा गरी करिडोरको माथिल्लो सीमा सात प्रतिशत, तल्लो सीमा तीन प्रतिशत र नीतिगतदर पाँच प्रतिशत निर्धारण गरियो । ब्याजदर करिडोर नीति कार्यान्वयनको प्रारम्भ २०७४ कात्तिक २८ गते निक्षेप सङ्कलन बोलकबोलबाट भएको थियो ।

उक्त कार्यविधिमा बैंक तथा वित्तीय संस्थालाई सात प्रतिशत ब्याजदरमा स्थायी तरलता सुविधा उपलब्ध गराउने र तीन प्रतिशत ब्याजदरमा बोलकबोलमार्फत दुई हप्ताअघिको निक्षेप सङ्कलन गर्ने व्यवस्था गरियो । तर एकातर्फ अन्तरबैंक कारोबारको ब्याजदर दिशानिर्देश हुनेगरी खुला बजार कारोबार सञ्चालन हुन सकेन भने अर्कोतर्फ करिडोरको तल्लो सीमा सुनिश्चित गर्न स्थायी निक्षेप सुविधाको व्यवस्था पनि थिएन । खासगरी, तरलता प्रशोधनको लागि खर्च व्यवस्थापन प्रमुख चुनौतीको रूपमा रहेको थियो । यसै सन्दर्भमा खुलाबजारमार्फत हुने तरलता प्रशोचनको खर्च प्रबन्ध गर्न २०८० माघमा स्थिरीकरण कोषको व्यवस्था गरी २०८० फागुनदेखि स्थायी निक्षेप सुविधाको थालनी गरियो ।


तसर्थ, नेपालमा करिब डेढ दशकदेखिको अभ्यासपश्चात् २०८० फागुनदेखि तरलता व्यवस्थापनमा ब्याजदर करिडोर संरचना पूर्ण रूपमा कार्यान्वयनमा ल्याइएको छ । अन्तर्राष्ट्रिय अभ्यास हेर्दा यस्तो संरचना क्यानडाले सन् १९९८ देखि, संयुक्त राज्य अमेरिकाले सन् २००८ देखि, पाकिस्तानले सन् २००९ देखि, टर्कीले सन् २०१० देखि र भारतले सन् २०११ देखि गरेको पाइन्छ । हाल विश्वका पाँच दर्जनभन्दा बढी मुलुकले ब्याजदर करिडोरको अभ्यास सुरु गरेका छन् ।

## अन्तरबैंक कारोबारको ब्याजदरमा प्रभाव

ब्याजदर करिडोरको पूर्ण संरचना कार्यान्वयनमा आएपश्चात् एक वर्षको अवधिमा बैंकिङ क्षेत्रमा निरन्तर अधिक तरलताको स्थिति कायम रह्यो । यसरी लामो समयसम्म अधिक तरलताको स्थिति कायम रहँदा अन्तरबैंक कारोबारको ब्याजदर विगतमा निकै न्यून हुने गरेको तुलनामा यस अवधिमा तीन प्रतिशत कायम हुन सकेको छ (तालिका-१) । ब्याजदर करिडोर संरचना कार्यान्वयन भएकै कारण अन्तरबैंक कारोबारको ब्याजदरमा यसरी अभूतपूर्व स्थायित्व देखिएको हो । तर ब्याजदर करिडोरको आधारभूत मान्यता र अपेक्षाबमोजिम यस्तो ब्याजदर नीतिगत दरको हाराहारीमा अझै कायम हुन सकेको छैन ।

विगत एक वर्षमा स्थायी निक्षेप सुविधा निरन्तर उपलब्ध भएको तर खुलाबजार कारोबारमार्फत तरलता प्रशोचन यथेष्ट हुन नसकेकोले बैंक तथा वित्तीय संस्थाहरूको अन्तरबैंक कारोबारको ब्याजदर करिडोरको तल्लो सीमाबाट माथि उक्लन सकेन ।

चार्ट १: ब्याजदर करिडोर संरचना



**तालिका १: करिडोर संरचनामा अन्तरबैंक कारोबारको ब्याजदर** (प्रतिशतमा)

| महिना | २०८० फागुन | २०८० चैत | २०८१ वैशाख | २०८१ जेठ | २०८१ असार | २०८१ साउन | २०८१ भदौ | २०८१ असोज | २०८१ कत्तिक | २०८१ मङ्सिर | २०८१ पुस | २०८१ माघ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नीतिगत दर | ५.५ | ५.५ | ५.५ | ५.५ | ५.५ | ५.० | ५.० | ५.० | ५.० | ५.० | ५.० | ५.० |
| तल्लो सीमा | ३.० | ३.० | ३.० | ३.० | ३.० | ३.० | ३.० | ३.० | ३.० | ३.० | ३.० | ३.० |
| माथिल्लो सीमा | ७.० | ७.० | ७.० | ७.० | ७.० | ६.५ | ६.५ | ६.५ | ६.५ | ६.५ | ६.५ | ६.५ |
| अन्तर बैंक कारोबारको ब्याजदर | २.९ | ३.१ | २.९ | ३.० | ३.० | ३.० | ३.० | ३.० | २.९ | ३.० | ३.० | ३.० |

*स्रोत: देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति (फागुन, २०८०), नेपाल राष्ट्र बैंक*

फलस्वरूप २०८० फागुनदेखि २०८१ असारसम्म नीतिगत दर र अन्तरबैंक कारोबारको ब्याजदर फरक औसत २.५ प्रतिशत कायम रहेको छ। २०८१ साउनदेखि नीतिगतदर ५.५ प्रतिशतबाट पाँच प्रतिशतमा घटाइएकोले औसत अन्तर दुई प्रतिशत कायम भएको हो। समग्रतामा, ब्याजदर करिडोरको कार्यान्वयनबाट अल्पकालीन ब्याजदर स्थायित्वतर्फ उन्मुख भएको छ तर करिडोरको मर्मअनुरूपको स्थायित्व कायम गर्न थप प्रयास आवश्यक देखिको छ।

## आगामी कार्यदिशा

ब्याजदर करिडोर संरचना उपयोगमार्फत अल्पकालीन ब्याजदरमा स्थायित्व कायम गरी मौद्रिक नीतिको प्रभावकारिता अभिवृद्धि गर्न आगामी दिनमा देहायबमोजिमका सुधार आवश्यक देखिएको छ।

प्रथम, खुला बजार कारोबारलाई सक्रिय बनाई अन्तरबैंक कारोबारको ब्याजदर नीतिगत दरको हाराहारीमा कायम गराउनु आवश्यक छ। खुलाबजार कारोबारमार्फत तरलता प्रवाह वा प्रशोचन पर्याप्त नभएको अवस्थामा मात्र स्थायी निक्षेप सुविधा र स्थायी तरलता सुविधाको उपयोग गर्ने प्रचलन अन्य मुलुकमा समेत रहेको देखिन्छ।

दोस्रो, विगत एक वर्षदेखि कर्जाको ब्याजदर न्यून हुँदै गए तापनि कर्जाको मागमा शिथिलता आएकोले कर्जा विस्तार लक्ष्यअनुरूप हुन सकेको छैन। बैंक तथा वित्तीय संस्थाहरूमा अधिक तरलताको स्थिति निरन्तर कायम रहेको छ। यस्तो परिवेशमा स्थायी निक्षेप सुविधामार्फत निरन्तर तरलता प्रशोचन गर्नुको विकल्पमा कर्जा विस्तार सहजीकरणका थप उपायहरू अवलम्बन वा अनिवार्य नगद मौज्दात अनुपातको व्यवस्थामा परिमार्जन आवश्यक देखिएको छ।

तेस्रो, भुक्तानी प्रणालीलाई सहज बनाउने उद्देश्यले नीतिगत दरमा ओभरनाइट रिपो सुविधा उपलब्ध गराउने व्यवस्थाले करिडोरको माथिल्लो सीमा निष्प्रभावी बनेको छ। अर्थात्, बैंक तथा वित्तीय संस्थाले ओभरनाइट तरलता सुविधा अपर्याप्त भएमा मात्र स्थायी तरलता सुविधा उपयोग गर्ने स्थिति रहेको छ। तसर्थ, ब्याजदर करिडोर संरचनालाई प्रभावकारी बनाउन ओभरनाइट रिपोको व्यवस्था खारेज गर्ने वा बैंकदरमा नै त्यस्तो सुविधा उपलब्ध गराउन आवश्यक छ।

चौथो, हाल बचतको ब्याजदर मुद्रास्फीतिभन्दा कम रहेको, कर्जाको ब्याजदर सर्वाधिक न्यून रहेको र भारतमा ब्याजदर करिडोरको तल्लो सीमा ६.० प्रतिशत रहेको सन्दर्भमा नेपालमा पनि करिडोरको तल्लो सीमा बढाउँदै करिडोरको आकार साँघुरो बनाउनेतर्फ ध्यान दिन आवश्यक छ।

पाँचौं, बैंक तथा वित्तीय संस्थाहरूको अन्तरबैंक कारोबारको ब्याजदर तरलता व्यवस्थापनको केन्द्र भागमा रहने भएकाले त्यस्तो ब्याजदर निर्धारण थप पारदर्शी र पूर्णप्रतिस्पर्धी हुन आवश्यक छ। साथै, अन्तरबैंक कारोबार विवरण नेपाल राष्ट्र बैंकलाई कारोबार भएकै समयमा जानकारी हुने व्यवस्था मिलाउन आवश्यक छ।

## अन्त्यमा,

मौद्रिक नीति कार्यान्वयनलाई आधुनिक र गतिशील बनाउँदै अल्पकालीन ब्याजदर स्थायित्व कायम गर्न २०८० फागुनदेखि ब्याजदर करिडोर संरचना पूर्ण कार्यान्वयनमा ल्याइएको छ। यसबाट अल्पकालीन ब्याजदरहरू स्थायित्वतर्फ उन्मुख भएको देखिन्छ। तर ब्याजदर करिडोरको मर्मअनुरूपको ब्याजदर स्थायित्व कायम गरी मौद्रिक नीतिको प्रभावकारिता अभिवृद्धि गर्न उल्लिखित थप सुधार आवश्यक देखिएको छ। ■

# ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न

विभिन्न विभाग/कार्यालयले २०८१ फागुन महिनामा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गरेका छन्। यसै अवसरमा गभर्नरको कार्यालयले फागुन १३ गते भर्चुअल माध्यमबाट ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो। कार्यक्रममा गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागका उप-निर्देशक सचिनराज पियाले 'गैर-बैंक वित्तीय संस्थाको निरीक्षण तथा सुपरिवेक्षण: विद्यमान व्यवस्था तथा अभ्यास' विषयमा वार्ता प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले नेपालको वित्तीय प्रणाली, गैर-बैंकिङ वित्तीय संस्थाको परिचय, ती संस्थाको सुपरिवेक्षण र निरीक्षण प्रक्रिया, सञ्चालनका चुनौतीलगायतका विषयमा चर्चा गर्नुभयो।

संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागले फागुन २२ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो। विभिन्न विभाग/कार्यालयका वार्षिक बजेटको खर्च स्थिति, वार्षिक कार्ययोजना कार्यान्वयनको अवस्था र जोखिम व्यवस्थापन सम्बन्धमा भएका कामकारबाहीबारे स्थलगत अनुगमनलाई प्रभावकारी बनाउने सन्दर्भमा उक्त ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गर्‍यो। सो अवसरमा विभागका उप-निर्देशक खगेश्वर भण्डारीले 'Optimizing Oversight: Onsite Inspection & Reporting on Risk Management, Budget Execution and Implementation of Annual Plan' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। ■

# विद्युतीय भुक्तानी सूचकाङ्कको उपादेयता



सिद्धराज भट्ट
उप-निर्देशक

## १. विषय प्रवेश

कोभिड सङ्क्रमण यताका वर्षहरूमा विद्युतीय भुक्तानीले संसारभर नै ठूलो फड्को मारेको छ। विद्युतीय भुक्तानी पूर्वाधारमा भएको विकास, भुक्तानी उपकरणमा आएको नवप्रवर्तन र वित्तीय सचेतनामा हुँदै गएको अभिवृद्धिबाट खासगरी विकासोन्मुख मुलुकहरूमा विद्युतीय भुक्तानी अभूतपूर्व गतिमा विस्तार भइरहेको छ। यसको नेतृत्व चीन र भारतजस्ता ठुला उदीयमान अर्थतन्त्रहरूले गरिरहेका छन्। 'पीडब्लुसी' नामक संस्थाले विश्वव्यापी रूपमा नगदरहित भुक्तानी कारोबारको सङ्ख्या सन् २०२० को तुलनामा २०२५ मा दोब्बर हुने र २०३० मा तेब्बर हुने प्रक्षेपण गरेको छ। विद्युतीय भुक्तानीमा यसरी विस्तार हुँदै गर्दा भुक्तानी प्रणालीको समग्र प्रगति मापनका लागि विभिन्न मुलुकले विद्युतीय भुक्तानी सूचकाङ्कको निर्माण गरेका छन्। भारतीय रिजर्भ बैंकले सन् २०१८ मार्चलाई आधार मानेर यस्तो सूचकाङ्क प्रकाशन गर्दै आएकोमा २०२४ सेप्टेम्बरमा उक्त सूचकाङ्क ४६५ पुगेको छ। यसै गरी, सर्बियामा सन् २०१६ लाई आधार मानी सूचकाङ्क प्रकाशन गर्न सुरु गरिएकोमा सन् २०२१ मा त्यस्तो सूचकाङ्क १८० पुगेको छ। प्रस्तुत लेखमा नेपालको सन्दर्भमा विद्युतीय भुक्तानी सूचकाङ्कको गणना तथा उपादेयताका बारेमा चर्चा गर्ने प्रयास गरिएको छ।


## २. विद्युतीय भुक्तानी विकासका सम्वाहकहरू

विद्युतीय भुक्तानीको विकास र विस्तार चार वटा अवयवबाट निर्धारित हुने गर्दछ: (क) सर्वसाधारणको प्रविधि प्रयोग गर्ने प्रवृत्ति र त्यसका लागि उपलब्ध पूर्वाधार, (ख) विद्युतीय भुक्तानीको मागपक्षीय तथा आपूर्तिपक्षीय पूर्वाधार, (ग) विद्युतीय भुक्तानीका माध्यम/उपकरणको प्रयोग र (घ) भुक्तानी कारोबारको गुणस्तरसँग जोडिएको सर्वसाधारणको अनुभव। यिनै चार वटा पक्षमा भएको प्रगतिका आधारमा विद्युतीय भुक्तानी प्रणालीको दक्षता, प्रभावकारिता तथा प्रगतिको स्तर मापन गर्ने गरिन्छ। यस्तो मापन गर्ने कार्य विद्युतीय भुक्तानी सूचकाङ्कले गर्दछ।

विद्युतीय भुक्तानीको विस्तारका लागि एउटा महत्त्वपूर्ण पूर्वसर्त आधारभूत प्रविधिमा हुने सर्वसाधारणको पहुँच हो। यसअन्तर्गत मोबाइल तथा इन्टरनेट सेवाको उपलब्धता तथा प्रयोग, स्मार्टफोनको प्रयोग आदि पर्दछन्। कुनै पनि मुलुकमा मोबाइल फोन प्रयोग गर्ने जनसङ्ख्या कति छ, इन्टरनेट पहुँचको अवस्था कस्तो छ र कति जनसङ्ख्याले स्मार्टफोन चलाउँछन् भन्ने कुराले विद्युतीय भुक्तानीको सम्भावित विस्तार निर्धारण गर्दछ। यसै गरी, सर्वसाधारणको निक्षेप खाताको पहुँच तथा डिजिटल पहिचान विवरणले पनि विद्युतीय भुक्तानीको सक्षमकर्ता (Payment Enablers) को रूपमा काम गर्दछन्। नेपालको हकमा यस्तो पूर्वाधारमा भएको प्रगतिलाई मोबाइल घनत्व, इन्टरनेट घनत्व, स्मार्टफोन घनत्व जस्ता सूचकहरूबाट मापन गर्न सकिन्छ। सर्वसाधारणको बैंक खातामा रहेको पहुँच र विद्युतीय परिचयपत्रको रूपमा रहेको राष्ट्रिय परिचयपत्र वितरणको दरलाई समेत विद्युतीय भुक्तानीको पूर्वसर्त सूचकको रूपमा लिन सकिन्छ।

विद्युतीय भुक्तानी विस्तारको दोस्रो महत्त्वपूर्ण आधारको रूपमा विद्युतीय भुक्तानी कारोबारका लागि आवश्यक माग पक्ष तथा आपूर्ति पक्षको पूर्वाधार पर्दछ। आपूर्ति पक्ष पूर्वाधारअन्तर्गत विद्युतीय भुक्तानी उपकरण जारी हुने संस्थाबाट उपलब्ध हुने पूर्वाधार संरचना (जस्तै: भुक्तानी प्रणाली सञ्चालक तथा भुक्तानी सेवा प्रदायकको सङ्ख्या, भुक्तानी सेवा प्रदायकका एजेन्टको सङ्ख्या, एटीएम मेसिनको सङ्ख्या, पीओएस मेसिनको सङ्ख्या, मर्चेन्ट क्यूआर कोडको सङ्ख्या आदि) पर्दछन्। यसै गरी, माग पक्षबाट हेर्दा मोबाइल बैंकिङ खाता सङ्ख्या, इन्टरनेट बैंकिङ खाता सङ्ख्या, वालेट खाता सङ्ख्यालगायतका सूचकहरू यस्ता पूर्वाधारअन्तर्गत पर्दछन्। नेपालको हकमा यी सबै सूचकहरूको तथ्याङ्क उपलब्ध हुने भएकाले विद्युतीय भुक्तानी सूचकाङ्कको गणनामा यी सूचकहरूलाई समावेश गर्न सकिन्छ।

तेस्रो, विद्युतीय भुक्तानीको समग्र प्रवृत्ति मापनका लागि भुक्तानी उपकरणहरूको उपयोग सबैभन्दा महत्त्वपूर्ण पक्ष हो। यसलाई विद्युतीय भुक्तानीका विभिन्न माध्यमबाट भएको भुक्तानी कारोबार सङ्ख्या तथा भुक्तानी रकमका माध्यमबाट मापन गर्न सकिन्छ। उदाहरणका लागि मोबाइल बैंकिङ, वालेट तथा क्यूआरका



माध्यमबाट भएका कारोबार सङ्ख्या तथा कारोबार रकमको प्रवृत्तिलाई यसमा समावेश गर्न सकिन्छ। विद्युतीय भुक्तानीको उपयोग वृद्धि हुँदै जाँदा मुलुकको चलनचल्तीमा रहेको नोटमा कमी आयो वा आएन र सर्वसाधारणको एटीएमबाट नगद निकाल्ने प्रवृत्तिमा कमी आयो कि आएन भन्ने जानकारी दिने सूचक पनि यसमा समावेश गर्न सकिन्छ। नेपालको हकमा यस्ता सूचकहरूको तथ्याङ्क नेपाल राष्ट्र बैंकले मासिक रूपमा प्रकाशन गर्ने भएका कारण विभिन्न माध्यमबाट सम्पन्न भएका विद्युतीय भुक्तानी कारोबार सङ्ख्या र कारोबार रकमलाई विद्युतीय भुक्तानी सूचकाङ्क गणना गर्दा समावेश गर्न सकिन्छ।

विद्युतीय भुक्तानी विस्तारको अर्को महत्त्वपूर्ण पक्ष विद्युतीय भुक्तानी प्रणालीमाथि सर्वसाधारणको विश्वास हो अर्थात् विद्युतीय भुक्तानीका माध्यमको उपयोग गर्दा उपभोक्ताको अनुभव कस्तो छ भन्ने हो। यो सूचकलाई विद्युतीय भुक्तानी प्रणालीको समग्र गुणस्तरले निर्धारण गर्ने गर्दछ। गुणस्तरलाई विभिन्न सूचकहरूका आधारमा अनुमान गर्न सकिन्छ। यसअन्तर्गतको पहिलो पाटो प्रविधिक पक्षको गुणस्तर हो। उदाहरणका लागि भुक्तानी प्रणालीमा निश्चित अवधिमा कति समय प्राविधिक समस्याका कारणले कारोबार सफल हुन सकेको छैन अर्थात् 'टेक्निकल फेलियर' रेट कति छ, विद्युतीय भुक्तानी प्रणालीमा जालसाजी वा वित्तीय अपराधको दर कति छ, भुक्तानी प्रणालीको सिस्टम कुनै निश्चित समयावधिमा कति समय 'डाउन' हुने गरेको छ भन्ने जस्ता पक्षबाट विद्युतीय भुक्तानी प्रणालीको प्राविधिक पक्षको गुणस्तर अनुमान गर्न सकिन्छ। यसले सर्वसाधारणको विद्युतीय भुक्तानीमाथिको विश्वासलाई प्रभाव पार्ने गर्दछ। अर्को महत्त्वपूर्ण पाटो सर्वसाधारणको डिजिटल वित्तीय सेवासम्वन्धी चेतनाको स्तर हो। यसलाई विभिन्न सरोकारवाला संस्थाले


**विद्युतीय भुक्तानीसम्बन्धी पूर्वाधार विकास, उपकरणको उपलब्धता तथा उपयोगका सम्बन्धमा भएको समग्र प्रगतिलाई विद्युतीय भुक्तानी सूचकाङ्कमार्फत मापन गर्न सकिन्छ।**

डिजिटल वित्तीय सचेतनासम्बन्धी गरेको कार्यक्रम र उक्त कार्यक्रमबाट लाभान्वित जनसङ्ख्या, डिजिटल वित्तीय साक्षरतासम्बन्धी प्रसारित सामाग्री तथा उक्त सामग्री पढ्ने, सुन्ने, हेर्ने जनसङ्ख्यालगायतका सूचकहरूबाट मापन गर्न सकिन्छ। डिजिटल वित्तीय साक्षरतासम्बन्धी वेबसाइट हेर्ने मानिसको सङ्ख्याबाट पनि वित्तीय साक्षरतामा भएको अभिवृद्धिको अनुमान गर्न सकिने हुन्छ। यसले विद्युतीय भुक्तानीको सुरक्षित उपयोगलाई बढावा दिनुका साथै विद्युतीय भुक्तानी कारोबारमा वृद्धि गर्न समेत मद्दत गर्दछ। वित्तीय भुक्तानी प्रणालीको गुणस्तर मापनको तेस्रो पाटोको रूपमा विद्युतीय भुक्तानी कारोबारका सम्बन्धमा सर्वसाधारणका कति गुनासाहरू प्राप्त भएका छन् र ती गुनासाको सम्बोधन हुने दर कति छ भन्ने सूचक समावेश हुन्छ। विद्युतीय कारोबारसम्बन्धी गुनासो प्राप्तिमा भएको वृद्धिलाई वित्तीय सचेतनामा भएको विस्तारको रूपमा परिभाषित गर्न सकिन्छ भने गुनासोको सम्बोधन दरलाई विद्युतीय भुक्तानी सेवाको गुणस्तरमा भएको वृद्धि/ह्रासको रूपमा लिन सकिन्छ।

## ३. विद्युतीय भुक्तानीमा भएको प्रगति तथा सूचकाङ्कको गणना

नेपालको सन्दर्भमा कोभिडयताको अवधिमा विद्युतीय भुक्तानी पूर्वाधार, भुक्तानीका उपकरणहरूमा सर्वसाधारणको पहुँच तथा भुक्तानीका साधनको उपयोगमा उल्लेख्य वृद्धि हुँदै गएको छ। उदाहरणका लागि; २०७८ साउनको तुलनामा २०८१ पुसमा वालेट खाताको सङ्ख्या २.७६ गुणा र मोबाइल बैंकिङ खाताको सङ्ख्या १.८१ गुणा भई क्रमश: २ करोड ५६ लाख र २ करोड ६३ लाख पुगेको छ। आर्थिक वर्ष २०७७/७८ मा ४५ करोड विद्युतीय भुक्तानी कारोबार सम्पन्न भएकोमा २०८०/८१ मा तेब्बर अर्थात् करिब १ अर्ब ३५ करोड कारोबार भएका छन्। उक्त अवधिमा मोबाइल बैंकिङ कारोबारको सङ्ख्या करिब ३.७६ गुणा, वालेट कारोबार २.३६ गुणा तथा क्युआरबाट हुने कारोबार ३०.३३ गुणा भएको छ।

विद्युतीय भुक्तानीसम्बन्धी पूर्वाधार विकास, उपकरणको उपलब्धता तथा उपयोगका सम्बन्धमा भएको समग्र प्रगतिलाई विद्युतीय भुक्तानी सूचकाङ्कमार्फत मापन गर्न सकिन्छ। नेपालको हकमा तथ्याङ्क उपलब्ध भएका विभिन्न ३९ वटा सूचकका आधारमा यस्तो सूचकाङ्क गणना गर्दा विगत दुई वर्षमा उक्त सूचकाङ्क झण्डै दोब्बर भएको देखिन्छ। आर्थिक वर्ष २०७८/७९ लाई आधार वर्ष मानेर गणना गरिएको उक्त सूचकाङ्कमा विद्युतीय भुक्तानीका चार वटै पक्षलाई समावेश गरिएको छ भने औसत सूचकाङ्क गणनाका लागि अन्तर्राष्ट्रिय प्रचलनअनुसार सबैभन्दा बढी भार भुक्तानी उपकरणको उपयोग र भुक्तानी प्रणालीको पूर्वाधारलाई दिइएको छ। सूचकाङ्क गणनासम्बन्धी विवरणलाई सँगैको चार्टमा प्रस्तुत गरिएको छ। उक्त सूचकाङ्कका आधारमा विश्लेषण गर्दा नेपालको विद्युतीय भुक्तानी प्रणालीमा भएको उपलब्धिमा ५० प्रतिशतभन्दा बढी योगदान भुक्तानी सेवाका उपकरणको प्रयोगको रहेको देखिन्छ भने करिब एक तिहाइ योगदान भुक्तानी सेवाका पूर्वाधारमा भएको विस्तारको रहेको देखिन्छ।




## ४. निष्कर्ष

विद्युतीय भुक्तानी प्रणालीका विविध पक्षमा प्रगति हुँदै जाँदा मुलुकले अवलम्बन गरेका नीतिगत व्यवस्थाको मूल्याङ्कनका लागि विद्युतीय भुक्तानी सूचकाङ्कको उपयोग गर्न सकिन्छ। विभिन्न मुलुकले विद्युतीय भुक्तानीमा भएको विस्तार मापनका लागि यस्तो सूचकाङ्कको गणना गर्न सुरु गरिसकेका छन्। नेपालमा समेत भुक्तानी प्रणालीसँग सम्बन्धित सबै सूचकलाई समेटेर यस्तो सूचकाङ्क निर्माण गरिएमा भुक्तानी प्रणालीको विस्तारमा भएको प्रगति मापन गर्न तथा भुक्तानी प्रणालीको आधुनिकीकरणका लागि आवश्यक नीति निर्माण गर्नमा सहयोगी साबित हुने देखिन्छ। ■

## Major Financial Indicators

as on Magh End, 2081 (Mid-Feb, 2025)

| | | Class "A" | Class "B" | Class "C" | Overall |
|---|---|---|---|---|---|
| **A. Credit, Deposit Ratios (%)** | | | | | |
| 1 | Total Deposit/GDP | 105.20 | 10.58 | 2.22 | 118.00 |
| 2 | Total Credit/GDP | 84.61 | 9.00 | 1.78 | 95.39 |
| 3 | Total Credit/ Total Deposit** | 80.43 | 85.07 | 80.18 | 80.84 |
| 4 | CD Ratio* | 78.98 | 85.07 | 79.33 | 79.54 |
| 5 | Fixed Deposit/Total Deposit | 51.44 | 55.35 | 67.65 | 52.09 |
| 6 | Saving Deposit/Total Deposit | 34.78 | 35.21 | 23.07 | 34.60 |
| 7 | Current Deposit/Total Deposit | 5.79 | 1.93 | 1.14 | 5.36 |
| 8 | Call Deposit/Total Deposit | 7.24 | 7.40 | 7.38 | 7.26 |
| 9 | NPL/ Total Loan^ | 4.73 | 5.11 | 12.85 | 4.92 |
| 10 | Total LLP /Total Loan | 5.03 | 5.04 | 11.12 | 5.15 |
| 11 | Deprived Sector Loan/Total Loan $^ | 5.74 | 7.47 | 7.05 | 5.93 |
| **B. Liquidity Ratios (%)** | | | | | |
| 1 | Cash & Bank Balance/Total Deposit | 7.27 | 6.03 | 7.78 | 7.16 |
| 2 | Investment in Gov. Securities/Total Deposit | 17.63 | 14.59 | 13.03 | 17.27 |
| 3 | Total Liquid Assets/Total Deposit | 25.92 | 22.16 | 26.32 | 25.59 |
| **C. Capital Adequacy Ratios (%)** | | | | | |
| 1 | Core Capital/RWA | 9.50 | 10.08 | 10.47 | 9.56 |
| 2 | Total Capital/RWA | 12.31 | 12.86 | 13.08 | 12.37 |
| **D. Financial Access** | | | | | |
| 1 | No. of institutions | 20 | 17 | 17 | 54 |
| 2 | No. of Branches | 5,078 | 1,132 | 291 | 6,501 |
| 3 | No. of Deposit Accounts | 49,658,618 | 7,360,393 | 943,451 | 57,962,462 |
| 4 | No.of Loan Accounts | 1,611,457 | 274,023 | 44,313 | 1,929,793 |
| 5 | No. of Branchless Banking Centers | 1,011 | 17 | - | 1,028 |
| 6 | No. of Branchless Banking Customers | 296,272 | 1,188 | - | 297,460 |
| 7 | No. of Mobile Banking Customers | 22,746,846 | 3,549,471 | 276,755 | 26,573,072 |
| 8 | No. of Internet Banking Customers | 1,507,099 | 617,154 | 17,351 | 2,141,604 |
| 9 | No. of ATMs | 4,850 | 344 | 41 | 5,235 |
| 10 | No. of Debit Cards | 12,203,078 | 1,184,155 | 70,392 | 13,457,625 |
| 11 | No. of Credit Cards | 305,487 | 2,936 | - | 308,423 |
| 12 | No. of Prepaid Cards | 224,619 | 3,706 | - | 228,325 |
| **E. Interest Rate(%)** | | | | | |
| 1 | **Wt. Avg Interest Rate on Deposit** | **4.62** | | | |
| | (a) Saving | 3.36 | | | |
| | (b) Fixed | 6.32 | | | |
| | (c) Call | 1.25 | | | |
| 2 | **Wt. Avg Interest Rate on Credit** | **8.55** | | | |

**Note:**

Bank balance includes money at call

Nominal GDP for 2023/24(P) stands at Rs. 5,704,844 million (Source:https://nsonepal.gov.np/detail/post/11023)

Number of branches include head office, banking branches and extention counters

$ 6 months prior Total Loan has been used to calculate Deprived Sector Lending Ratio

^Data as on Poush end of FY2081/82 (2024/25)

*CD Ratio =

$$\frac{Total\ Credit}{Total\ Deposit + Debentures\ not\ designated\ for\ capital\ fund + NRB\ Refiance\ loan + FCY\ loan\ more\ than\ or\ equal\ to\ 1\ year - Interbank\ Deposit}$$

**Total Credit / Total Deposit = $\frac{Total\ Credit}{Total\ Deposit}$ (As per balance sheet)

# केन्द्रद्वारा विभिन्न तालिम सम्पन्न



बैंकर्स प्रशिक्षण केन्द्रले २०८१ फागुन महिनामा विभिन्न छ वटा तालिम सम्पन्न गरेको छ। यसै क्रममा केन्द्रले फागुन ४ र ५ गते सम्म भक्तपुरको बोडेमा 'Supervision of LC Transactions' विषयक तालिम कार्यक्रम सञ्चालन गऱ्यो। ६ वटा सेसनमा सञ्चालित उक्त तालिममा प्रतीतपत्रको परिचय, नियामकीय व्यवस्था, व्यापारमा आधारित सम्पत्ति शुद्धीकरण, प्रतीतपत्र कारोबारको लेखाङ्कन तथा रिपोर्टिङ, उक्त कारोबारको सुपरिवेक्षणलगायतका विषयमा सहभागीलाई प्रशिक्षण दिइएको थियो। सो अवसरमा विभिन्न विभाग/कार्यालयका अधिकृत/सहायकस्तरका ३२ जना कर्मचारीको सहभागिता थियो।

केन्द्रले फागुन ११ देखि १३ गतेसम्म थापाथलीमा 'Currency Management' विषयक तालिम सञ्चालन गऱ्यो। नौ वटा सेसनमा सञ्चालित तालिममा विभिन्न विभाग/कार्यालयमा कार्यरत सहायकस्तरका ३० जना कर्मचारीको सहभागिता थियो। सो अवसरमा मुद्रा व्यवस्थापनसम्बन्धी कार्य, सोको कानुनी र नीतिगत व्यवस्था, नोटसम्बन्धी कारोबारको लेखाङ्कन, हिसाबमिलान र रिपोर्टिङ, नोटकोष व्यवस्थापन, फण्ड ट्रान्सफर, ढुकुटी व्यवस्थापन, नोटका सुरक्षण विशेषता, सिक्का व्यवस्थापनको विविधि पक्षबारे सहभागीलाई जानकारी दिइएको थियो।

यसै गरी, केन्द्रले फागुन १८ देखि २३ गतेसम्म बोडेमा 'Management Development Program' विषयक अधिकृतस्तरीय तालिम सञ्चालन गऱ्यो। सो अवसरमा सहभागीलाई नेपाल राष्ट्र बैंकको साङ्गठनिक पक्ष, स्व:व्यवस्थापनका विविध पक्ष, नेतृत्व विकास, सामाजिक आचरणलगायतका विषयमा प्रशिक्षण दिइएको थियो। १७ वटा सेसनमा सञ्चालित उक्त तालिममा विभिन्न विभाग/कार्यालयका ३९ जना कर्मचारीको सहभागिता थियो।

केन्द्रले केन्द्रले फागुन २५ देखि २७ गतेसम्म बोडेमा 'Central Bank's Law and Application in Department Level Decision Making' विषयक अधिकृतस्तरीय तालिम सञ्चालन गऱ्यो। नौ वटा सत्रमा सञ्चालन उक्त तालिममा विभिन्न विभाग/कार्यालयका ३५ जना कर्मचारीको सहभागिता थियो। तालिमका सहभागीलाई नेपालको न्याय प्रणाली, अधिकारको दुरुपयोग र भ्रष्टाचारसम्बन्धी कानुन, विधिको शासन, कानुनको मस्यौदा प्रक्रिया, बैंकिङ कसुरसम्बन्धी कानुनी व्यवस्थाका विषयमा जानकारी दिइएको थियो।

यसै गरी, केन्द्रले फागुन २२ र २३ गते पोखरामा कार्यालय सहयोगीका निम्ति तालिम कार्यक्रम सञ्चालन गऱ्यो। सो अवसरमा सहभागीलाई कर्मचारीको आचरण, अनुशासन, असल आचरण, कार्यालय व्यवस्थापनलगायतका विषयमा प्रशिक्षण दिइएको थियो। तालिममा विभिन्न विभाग/कार्यालयबाट ३८ जनाको सहभागिता थियो।

केन्द्रले फागुन १६ गते काभ्रेको धुलिखेलमा टक्सार महाशाखाका प्राविधिक कर्मचारी र सवारी चालकहरूका निम्ति एक दिने तालिम कार्यक्रम सञ्चालन गऱ्यो। सो अवसरमा सहभागीलाई कर्मचारीको आचरण, ट्राफिक नियम, तनाव व्यवस्थापन तथा योग र मेकानिकल ज्ञानसम्बन्धी विषयमा प्रशिक्षण दिइएको थियो। तालिममा ८२ जनाको सहभागिता थियो। ■

# पण्डित कार्यकारी निर्देशकमा बढुवा

भुक्तानी प्रणाली विभागका का.मु. कार्यकारी निर्देशक किरण पण्डित अधिकृत विशिष्ट (कार्यकारी निर्देशक) पदमा बढुवा हुनुभएको छ।

नेपाल राष्ट्र बैंक सञ्चालक समितिको २०८१ फागुन १ गते बसेको बैठकको निर्णयबाट उहाँ कार्यकारी निर्देशकमा बढुवा हुनुभएको हो। पण्डित २०६२ माघ २ गते बैंक सेवा प्रवेश गर्नुभएको थियो। *नेपाल राष्ट्र बैंक समाचार* उहाँलाई हार्दिक बधाई ज्ञापन गर्दछ। ■

*प्रकाशक*
**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**
**सूचना तथा सञ्चार महाशाखा**
बालुवाटार, काठमाडौं, फोन : ५७१९६४१/४२, Ext.: २१३९/२१४०
इमेल : samachar@nrb.org.np,
वेबसाइट : www.nrb.org.np

*सम्पादक*
**डा. भागवत आचार्य**

*सम्पादन सहयोगी*
सविन ओली
लालकुमार सुवेदी
नवीना ताम्राकार

*ले-आउट*
संजीव दाहाल